घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ४४ औं वैठक

मिति २०७६/१२/२१

## निर्णयहरु

१. संलग्न बमोजिमको "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहतसम्बन्धी मापदण्ड, २०७६" पारित गर्ने र सो मापदण्डले निर्धारण गरेका प्रावधान बमोजिम अविलम्ब व्यवस्था मिलाई राहत वितरण गर्ने ।

२. कोभिड १९ को संक्रमणलाई रोकथाम, नियन्त्रण र राहत तथा उपचार समेतको कार्यलाई व्यवस्थित गर्न तथा खर्चको सुनिश्चितता गर्न यस गाउँपालिकाले नेपाल बैंक लिमिटेड, जोमसोम शाखामा खोलेको **घरपझोङ गाउँपालिका ७.२ विविध खाता नं. ०६८०३०००००७००२०००००१** मा इच्छुक दाताहरूलाई समेत आह्वान गर्ने तथा यस सम्बन्धमा गाउँपालिकालाई प्राप्त हुने सबै रकमहरू यसै खातामा जम्मा गरी सम्बन्धित विषयमा मात्र कानून बमोजिम खर्च गर्ने ।

३. यस गाउँपालिकाले कोभिड १९ को रोकथाम, नियन्त्रण, उपचार तथा राहतका लागि खोलिएको घरपझोङ गाउँपालिका ७.२ विविध खातामा पछि सोधभर्ना हुने गरी हालका लागि गाउँपालिकाकै विपद् व्यवस्थापन कोषबाट रूपैया पाँच लाख जम्मा गर्ने ।

४. कोरोना रोकथाम, नियन्त्रण, राहत तथा उपचारका लागि खोलिएको विविध खाताबाट हालका लागि तपसिलका खर्चहरू भुक्तानी गर्ने ।

तपसिल

क. क्वारेण्टाइन निर्माण तथा औषधी उपचारका लागि खरिद सामानको खर्चः रू २०४३६०

ख. कपडाको मास्क १००० थान खरिद गरे वापतको रकमः रू २५०००

५. यस गाउँपालिका अन्तर्गतका सबै घरभाडामा लगाउने घरधनीहरूलाई सर्वसाधारण नागरिकको लागि चैत्र महिनाको घरभाडा मिनाह गरिदिनको लागि वडा कार्यालय मार्फत अनुरोध गर्ने ।

६. यस गाउँपालिका अन्तर्गत नयाँ सिफारिस भई आएका कर्मचारीहरूको लागि तलब रकम नपुग भएकाले गाउँपालिकाको सञ्चित कोषबाट हालका लागि रुपैया पचास लाख कर्मचारी तलब भत्ता शीर्षकमा रकमान्तर गर्ने ।

-०-

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

2076/12/21

प्रमुख प्रशासकीय अधिकृत